

# सूचना पहुँच अध्ययन



**सूचना पहुँच अध्ययन भनेको के हो ?**

सूचना पहुँच अध्ययनले

- मानिसहरुले खोजेको सूचनाहरु र उनीहरुको मुद्दाहरुको पहिचान गर्छ ।
- मानिसहरुले जानकारी सूचनाहरु प्राप्त गर्न के कस्ता रणनीति अपनाइ रहेका छन्, उपलब्ध सूचनाका श्रोतहरु के के छन् र तिनीहरु कत्तिको सस्तो र प्रभावकारी छन् थाहा दिन्छ ।
- जलचर श्रोतहरुमा आधारित जीविकोपार्जन भएका ग्रामीण गरीबहरुसम्म संचार गर्ने तरीकाहरुको बारे सुझाव प्रदान गर्दछ ।



**यो के का लागि ? तपाईले यसलाई कसरी उपयोग गर्न सक्नु हुन्छ**

सूचना पहुँच अध्ययनले मानिसहरूले आफूलाई चाहिने सूचना जानकारीहरू कसरी प्राप्त गरिराखेका छन् त्यसलाई वताउँदछ । यसले हामीलाई सरोकारवालाहरुसंग कसरी राम्रोसंग संचार गर्न सकिन्छ भनेर पनि जानकारी दिन्छ । हामीले सूचना पहुँचको अध्ययन गर्दा पाएका केही उदाहरणहरू यहाँ प्रस्तुत गरेका छौं ।

रेडियो एउटा लोकप्रिय माध्यम हो र फिलिपिन्सको तटिय समुदायहरुमा यसको पहुँच बढी छ ।

शब्दहरू, स्थानीय भनाई, सरल भाषा, फोटोहरू सकरात्मक चित्रहरू र रङ्ग संयोजन महत्वपूर्ण हुन्छ

भियतनामका ५,००० दुर्गम गाउँहरुमा रेडियोबाट प्रसारित कार्यक्रम र समाचारहरु सार्वजनिक लाउडस्पिकरबाट समुदायमा सुनिने गरी बजाइन्छ ।

ग्रामिण समुदायले परम्परागत सूचना श्रोतहरु जस्तै गाउँले मुखिया, समुदायको नेता, पुजारी र गाउँका वृद्धहरु उपर बढी निर्भर रहने गरेका छन् ।

नाटक र हाँस्य कार्यक्रमहरु कम्वोडियामा मनोरञ्जनका लागि लोकप्रिय छन् । धेरै मानिसहरुका लागि रेडियो र टेलिभिजनमा दिइने नाटक, कार्टुन र सिरियलहरु सूचना संचारका लागि राम्रा तरीका हुन् ।

भियतनामीहरू पढ्न मन पराउँछन्

फिलिपिनोहरू कमिक खुव मनपराउँदछन्

# सूचना पहुँच अध्ययन : शुरूवात गर्ने

तपाई यो तरीकालाई विभिन्न अवस्थामा प्रयोग गर्न सक्नु हुन्छ । विकास कार्यहरु गर्नु पर्दा तपाई यसलाई मानिसहरुलाई के कस्ता जानकारीहरु चाहिन्छ त्यो पत्ता लगाउन प्रयोग गर्न सक्नु हुन्छ ।

सूचना पहुँच अध्ययन कुनै नयाँ कुरा वा आयोजना लागु गर्दा योजना तर्जुमा अवधीमा प्रयोग गर्नु पर्ने एउटा महत्वपूर्ण कार्य हो ।

सूचना पहुँच अध्ययन गर्दा

- लक्षित समूहको आवश्यकतालाई ध्यान दिनु पर्छ ।
- धेरै भन्दा धेरै मानिसलाई सहभागी गराउनु पर्छ ।
- सामाजिक र सांस्कृतिक रुपमा ग्रहणीय हुनु पर्छ ।
- परिस्थिति अनुसार परिवर्तन गर्न सकिने हुनु पर्छ ।
- व्यवहारमा उतार्न सकिने सुझावहरु मात्रा दिनु पर्छ ।

जब तपाई सूचना पहुँच अध्ययन गर्दै हुनु हुन्छ भने तपाईले पहिले नै योजना बनाएर एउटा टोलीमा काम गर्नु पर्छ । शुरुवात गर्दा निम्न प्रश्नहरु सोधेर गर्नुहोस ।

हामीले किन र के का लागि यो काम गरिरहेका छौं ?

कसले कहिले के गर्ने ?

हामीले कोसंग काम गर्ने हो ? हामीले चाहेको प्राप्त गर्न हामीले कसरी कुराकानी गर्नुपर्छ ?

हामीलाई चाहिएको जानकारी कसरी प्राप्त गर्ने ? कुन साधन र तरीका प्रयोग गर्ने ?



हामीले पत्ता लगाएको कुरा मानिसहरुलाई कसरी वताउने हो ?

अर्कोपटक काम गर्दा हामीले कसरी सुधार गर्ने ?

हामीसंग कति समय छ ? यो कार्यले कति समय लिन्छ ?

जसले हामीलाई सहयोग गरे तिनीहरुलाई कसरी सम्पर्क गर्ने र पृष्ठपोषण गर्ने हो ?

# सूचना पहुँच अध्ययनको प्रक्रिया



यदि हामीले सूचना पहुँच अध्ययन संचालन गर्ने हो भने यो सम्पन्न गर्ने खुडकिलाहरु के के हुन ?

यहाँबाट शुरुवात गरौ

## खुडकिला एक

सूचना पहुँच अध्ययन गरिने क्षेत्र कहाँ र कति छ।

- जनसंख्या कति छ ? साक्षरता प्रतिशत कति छ ?
- भाषा, स्थानीय भाषा, जाती जनजाती समूह, शहरी र ग्रामिण समुदाय, छोरा मान्छे र आइमाई कहाँ र कोसंग काम गर्ने हो ?

## खुडकिला दुई

वर्तमानमा उपलव्ध संचारका माध्यम र संजाल पत्ता लगाउनुस

- औपचारिक वा अनौपचारिक संचार संजालहरु के के छन ?
- घरपरिवारसंग रेडियो वा टेलिभिजन छ की छैन ?
- कसले कुन क्षेत्रमा प्रसारण गरिरहेको छ ?
- के चाँहि लोकप्रिय छ र त्यो कोसंग सम्वन्धित छ ?
- त्यहाँ राष्ट्रिय वा स्थानीय कुन चाँहि पत्रपत्रिका पाइन्छन ? विशेषज्ञहरु के प्रकाशित गर्न चाहान्छन् ?
- त्यहाँ प्रस्तुत गरिने कलाहरु के के छन् ? मानिसहरुले कुन मन पराउँछन ? सडक नाटक, नृत्य, संगीत ?

## खुडकिला तीन

केले किन राम्रोसंग काम गरिरहेछ ? पत्ता लगाऔं

- संघ संस्थाहरुले कसरी संचार गर्छन् ?
- के सन्देशहरु राम्रोसंग प्राप्त भैराखेको छ ? के सुधार गर्न सकिन्छ ?
- सरकारी, गैरसरकारी र समुदाय संस्थाहरु वीच के कस्तो सम्बन्ध छ ?
- के कस्ता योजना र रणनीतिहरु छन् ?
- अनुसन्धान क्षेत्रको अवस्था के छ ? मानिसहरुको नयाँ जानकारीहरु उपर पहुँच छ की छैन ?

## खुडकिला चार

ग्रामिण जनसुमदायले कसरी जानकारी सूचनाहरु प्राप्त गर्न चाहान्छन पत्ता लगाऔं
उनीहरुले सूचना जानकारीको लागि कुन कुन श्रोतको प्रयोग र तिनीहरुमा विश्वास पनि गर्दछन ?

## खुडकिला पाँच

आवश्यकता पहिचान : कहाँ चाँहि संचारको कमजोरी वा अभाव छ ? आवश्यकताहरु के के छन् ? तालिम, माध्यम, राम्रो सम्वन्ध ?

## म कुन कुन तरीकाहरु उपयोग गर्न सक्छु ?

जव हामी सूचनामा पहुँच अध्ययनको कुरा गरिराखेका हुन्छौ, त्यतिखेर कुन तरीका अपनाएर आफूले चाहेको जानकारीहरु हासिल गर्ने भन्ने वारेमा कुरा गरेका हुन्छौ। यहाँ केही तरीकाहरु उदाहरणका रुपमा छन्। जस्तै

१. प्रश्नावली, २. विशेष समूह छलफल, ३. अन्तरवार्ता, ४. औपचारिक वा अनौपचारिक वैठकहरु

# सूचना पहुँचः एउटा वैठक




## उपयोगी सम्पर्क

**अन्य राम्रा तरीका निर्देशिकाहरु**

यो श्रृंखलामा अन्य राम्रा तरीका निर्देशिकाहरु पनि छन् : तिनीहरु

- सूचनामा पहुंच अध्ययन
- स्व -सहयोगी समूह

तपाईले यसको र अन्य राम्रा तरीका निर्देशिकाहरुको अरु प्रतिहरु स्ट्रिम-नेपाल, स्ट्रिम क्षेत्रीय कार्यालय वा स्ट्रिम वेभसाइटबाट प्राप्त गर्न सक्नु हुन्छ ।

हामी तपाईको प्रतिकृयाको प्रतिक्षामा छौं । तपाईले नेपालको स्ट्रिम संचार व्यवस्थापकलाई फोन गरेर, इमेल पठाएर वा चिठी लेखेर प्रतिकृया दिन सक्नुहुन्छ ।

**स्ट्रिम नेपालको कार्यालय**
कृषि सूचना तथा संचार केन्द्र
हरिहरभवन, ललितपुर
फोन :५५२२२४८, ५५२५६१७ फ्याक्स : ५५२२२५८
इमेल : agroinfo@wlink.com.np

**स्ट्रिम क्षेत्रीय कार्यालय**
मार्फत नाका (NACA)
मत्स्य विभाग भवन, केसेटसार्ट विश्वविद्यालय
फाहोलिओथिन रोड
वैंखेन, बैंकक १०९०३
थाइलैण्ड
फोन :६६२५६११७२८/२९, फ्याक्सः ६६२५६११७२७
इमेल : stream@enaca.org
स्ट्रिम वेभसाइटः www.streaminitiative.org